मिति २०८१/०४/२५ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

<u>निर्णय नं.- १(एक)</u>

आर्थिक वर्ष २०८१/८२ का लागि रुपन्देही जिल्लाको ज्यालादर, ढुवानी तथा निर्माण सामग्रीहरुको लागि स्वीकृत जिल्ला दररेटलाई स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

<u>निर्णय नं- २ (दुई)</u>

सिद्धार्थनगर नगरपालिका वडा नं.- ४ स्थित मदरसा कालरिया मिस्वाहुल वलुम धार्मिक विद्यालयमा कक्षा ६ थप गर्नका लागि नगरशिक्षा समितिबाट मिति २०८१/०४/०७ मा भएको सिफारिश बमोजिम सो विद्यालयलाई कक्षा ६ थप गर्न अनुमति दिने निर्णय गरियो ।

<u>निर्णय नं.- ३ (तीन)</u>

सिद्धार्थनगर नगरपालिकाको अस्थायी फोहोरमैला बिर्सजनस्थल सिनपा वडा नं.- १ मा आवश्यकता अनुसार ब्याकहो लोडर सञ्चालन गर्ने र घन्टाको आधारमा हुन आउने रकम भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं.- ४(चार)</u>

सिद्धार्थनगर नगरपालिका भित्र ई-रिक्सा सञ्चालन सम्बन्धमा देखिएका समस्याहरुलाइ सम्बोधन गर्नका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र सिद्धार्थनगर नगरपालिकाका जनप्रतिनिधि तथा नगरस्तरिय राजनीतिक दलका प्रमुख प्रतिनिधिहरु समेतको संयुक्त बैठक बसी समस्या समाधान गर्नका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.- ५(पाँच)</u>

सिद्धार्थनगर नगरपालिका भित्र बढ्दो फोहोरमैला व्यवस्थापनमा चुनौती हुँदै गएको हुँदा फोहोरमैला व्यवस्थापनलाई दिर्घकालिन समस्या समाधान गर्नका लागि निजी क्षेत्रसंग सहकार्य गरी सार्वजनिक निजी साझेदारीको अवधारणामा फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो । फोहोरमैला व्यवस्थापन लागि PPP अवधारणा बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६(छ)</u>

सिद्धार्थ बसपार्कको आय ठेक्काको लागि मिति २०८१।४।२३ को राजश्व परामर्श समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१।८२ का लागि रु. ६३,३३,८४४।८८ (मु.अ. कर समेत) ठेक्काको लागि न्यूनतम अङ्क कायम गरी एक बर्षका लागि आय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७ (सात)

सिद्धार्थनगर नगरपालिकामा सन्चालित सहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) सन्चालनका लागी Project Administration Manual (PAM) मा VII SAFEGUARDS को B. Social safeguards मा १०० मा पहिलो तहको वडा स्तरिय गुनासो निवारण समिति र १०३ मा दोस्रो तहको नगरस्तरको गुनासो निवारण समिति गठन हुने प्रावधान भएको हुँदा सो PAM मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको गुनासो निवारण समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

वडास्तरिय गुनासो निवारण समिति

अध्यक्ष - सम्बन्धित वडाको वडाअध्यक्ष
सदस्य - सम्वन्धित वडाको महिला सदस्य
सदस्य - आयोजना कार्यान्वयन इकाईको इन्जिनियर
सदस्य - सम्वन्धित निर्माण व्यवसायी वा निजको प्रतिनीधि
सदस्य - SDC safeguards Specialist
सदस्य सचिव - सम्बन्धित वडाको वडा सचिव

नगरस्तरिय गुनासो निवारण समिति

| | |
|---|---|
| अध्यक्ष | - नगर प्रमुख |
| सदस्य | - नगर उपप्रमुख |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - PIU safeguard Personnel |
| सदस्य | - SDC Social/Environment Specialist |
| सदस्य | - सम्वन्धित वडाको वडाअध्यक्ष |
| सदस्य | - सम्वन्धित निर्माण व्यवसायी वा निजको प्रतिनीधि |
| सदस्य सचिव | - आयोजना व्यवस्थापक (आयोजना कार्यान्वयन इकाई) |

नोटः आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं. - ८ (आठ)

सिद्धार्थनगर नगरपालिकामा सन्चालित सहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) सन्चालनका क्रममा कुनै निर्णय लिनुपर्ने भएमा सोको लागि देहाय बमोजिमको आयोजना व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

अध्यक्ष - नगर प्रमुख
सदस्य - नगर उपप्रमुख
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - वडा अध्यक्ष, वडा नं.- १
सदस्य - वडा अध्यक्ष, वडा नं.- ४
सदस्य - वडा अध्यक्ष, वडा नं.- १२
सदस्य - वडा, अध्यक्ष, वडा नं.- १३
सदस्य - लेखा अधिकृत
सदस्य-सचिव - आयोजना व्यवस्थापक (आयोजना कार्यान्वयन इकाई)

नोटः आवश्यकता अनुसार अन्य बिज्ञहरुलाई प्रतिनीधि आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं.- ९(नौ)

सिद्धार्थनगर नगरपालिकाको देहाय बमोजिमको कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु अध्ययन गरी आगामी कार्यपालिका बैठकमा राय सुझाव सहित पेश गर्ने निर्णय गरियो ।

देहाय

१ सहकारी सन्जाल (गठन तथा परिचालन) कार्यविधि, २०८१
२ सहकारी प्रवर्द्धन कोष सन्चालन कार्यविधि, २०८१
३ प्राईभेट फर्मदर्ता, अनुगमन तथा नियमन सम्बन्धि कार्यविधि, २०८१
४ सहकारी संस्था सन्चालन, व्यवस्थापन, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०८१
५ बाह्य विज्ञापन नियमन निर्देशिका, २०८१

निर्णय नं.- १०(दस)

सिद्धार्थनगर नगरपालिका भित्रका कृषकहरुलाई कृषक कार्ड वितरण सम्वन्धमा व्यापक छलफल गरियो ।

निर्णय नं.- ११(एघार)

विविधः

१ आर्थिक बर्ष २०८१/८२ मा देहाय बमोजिमको व्यवसाय कर तथा तीन पाङ्ग्रे सावारी साधनको दर्ता/नवीकरण शुल्क/दस्तुरको दर शिर्षक छुट हुन गएकोले देहाय बमोजिमको व्यवसाय कर/दर्ता/शुल्क/दस्तुर शिर्षकलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी तोक्ने निर्णय गरियो ।

देहायः

व्यवसायको शिर्षक र दर

| सि.नं. | व्यवसायको शिर्षक | आ.व. २०८१/०८२को लागि सिफारिस भएको दर |
|---|---|---|
| १. | पुरानो बोरा मर्मत | २२५०/- |
| २. | अन्य साधारण मर्मत पसल | २२५०/- |
| ३. | छुट भएका वा व्यवसायको प्रकृति नखुलेका शिर्षकहरुको लागि चालू आ.व.को न्यूनतम दर | १. साधारण प्रकृतिका स्वरोजगारमुलक व्यवसायहरु रु.२,२५०/-<br>२. विशिष्टिकृत व्यवसाय रु. ३,०००/- |

तीन पाङ्ग्रे सवारी साधनको दर्ता/नवीकरण शुल्क/दस्तुर

| क्र.सं. | विवरण | अटो रिक्सा | विद्युतीय रिक्सा |
|---|---|---|---|
| १ | दर्ता निवेदन दस्तुर | १००/- | १००/- |
| २ | दर्ता दस्तुर | ७००/- | ५००/- |
| ३ | नवीकरण दस्तुर | ५००/- | २५०/- |
| ४ | वार्षिक सवारी कर /संचालन अनुमति | ३०००/- | २०००/- |
| ५ | वैदेशिक प्रयोजनको लागि कागजातहरु कन्सुलर प्रमाणिकरण दस्तुर | २००/- | |

२ सिद्धार्थ वसपार्क भित्र खाली रहेका सटरहरु कोठाहरु आर्थिक बर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ (३ वर्ष) सम्मका लागि देहाय बमोजिमको न्यूनतम अंक कायम गरी बाहाल दिने सम्वन्धि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | सटर/कोठा नं. | न्यूनतम बहाल दर | कैफियत |
|---|---|---|---|
| १ | टर्मिनल भवनको बाहिर नयाँ भवन तर्फ खाली रहेको सटरहरु कोठा नं. २, ३, ४, १० र ११ | प्रति सटर मासिक बहाल रकम रु.७०००/- | |
| २ | टर्मिनल भवन भित्र पूर्वतर्फ खाली रहेको सटर १(एक) वटा | प्रति सटर मासिक बहाल रकम रु.९०००/- | |

३ सिद्धार्थनगर नगरपालिकाद्धारा निर्माण भएको सामुदायिक कृषि हाटबजार A Block सन्चालनका लागि बाहिर रहेका कृषक व्यवसायीहरुलाई हाटबजार बहाल विटौरी शुल्क लिने गरी सडकमा रहेको बजार सामुदायिक भवनमा स्थानान्तरण गरी हाटबजार सन्चालन गर्न नगरपालिकाले पहल गर्ने निर्णय गरियो ।